
जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक १ २०८० साल साउन ७ गते आइतवार (23 July 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** गौर हत्या काण्डमा संलग्नहरुलाई ... **पृष्ठ ३ मा :** बिडी नदिएपछि मागन्तेको ... **पृष्ठ ४ मा :** अख्तियारको टोली कार्यालयम ... **पृष्ठ ५ मा :** ४१ दशमलव ६४ प्रतिशत ...

# किशोरीसँग सामूहिक बलात्कार चारै आरोपित पक्राउ



**राजविराज**/सप्तरीको कंचनरुपमा १७ वर्षिया एक किशोरीको सामूहिक बलात्कार भएको छ । घटना गत शुक्रबार रातीको भएपनि प्रहरीले सोमबार सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार पीडितको तर्फबाट सोमबार मात्र प्रहरी कार्यालयमा जाहेरी परेकाले ढिलो गरि सार्वजनिक भएको हो ।

सामुहिक बलात्कार गरेको आरोपमा सोही वडा निवासी ४१ वर्षिय कैलाश भनिने टेकराज पोखरेल, २४ वर्षिय सुदिप भुजेल, २२ वर्षिय मनोज विश्वकर्मा र २१ वर्षिय दिपेश सुवेदीलाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको छ ।

प्रहरीले चारै जना अभियुक्तहरुलाई सोमबार साँझ घरमै लुकीबसेको अवस्थामा पक्राउ गरेको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपककुमार रायले जानकारी दिए ।

घटनाक्रम अनुसार अभियुक्तहरुले शुक्रबार राती १०:३० बजेतिर घरमा रहेकी किशोरीकी आमा, बहिनी र भेट्न आएका एक जना केटा साथीलाई छुट्टाछुट्टै कोठामा थुनेर अपहरण गरि घरबाट जबरजस्ती उठाएर लगेका थिए । पीडित किशोरीका अनुसार घर नजिकै रहेको सोमबहादुर मगरको खाली घरमा पुर्‍याई बलात्कार गरेका थिए ।

यता घटना सार्वजनिक गरे ज्यान मार्ने धम्की समेत दिएको पीडित किशोरीले बताएकी छिन् । ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्ने किशोरीका बुबा कामका सिलसिलामा सो दिन जनकपुर गएका थिए । बुवा फर्केपछि छरछिमेक समेतलाई घटना बारे जानकारी गराउँदै सोमबार उनीहरु बिरुद्ध किटानी जाहेरी दिएको पीडित किशोरीले बताएकी छिन् ।

बलात्कार गर्ने मध्येका एक जनालाई ती किशोरीले तिहारमा टिका समेत लगाउने गर्थिन् । सोही टिका बारे पनि सम्झाएकी किशोरीले भनिन्, “तिहारमा लगाएको टिकालाई सम्झिदिनुस् भन्दै पटक पटक अनुनयबिनय गर्दा पनि केही सुनेनन् र खुकुरी देखाएर

***बाँकी अन्तिम पृष्ठमा***

# पाँच नेतालाई कारवाही

**राजविराज**/जनमत पार्टीले आफ्ना पाँच जना नेतालाई कारवाही गरेको छ । पार्टी नियम, नीति, विधान तथा निर्देशनविपरीत काम गरेको भन्दै पाँच नेतालाई कारबाही गरेको पार्टीद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

जनमत पार्टी, केन्द्रीय अनुशासन समितिले जारि गरेको विज्ञप्तिमा बाराका शिवचन्द्र कुशवाहा, सप्तरीका गुलाव मण्डल र शंकर खड्का, रुपन्देहीका भोपेन्द्र यादव र कपबस्तुका भगवान दास यादवलाई कारबाही गरेको जनाएको छ ।

कारबाहीमा परेका कुशवाहा बारा २ को उपनिर्वाचनमा जसपा अध्यक्ष उपेन्द्र यादव विरुद्ध चुनाव लडेका थिए । उनलाई जनमत पार्टीले साधारणसदस्य समेत नरहनेगरी कारबाही गरेको छ । कुशवाहामाथि अनुशासनहीन काम गरेको र नेतृत्वविरुद्ध लागेको आरोप छ ।

यस्तै सप्तरीका मण्डललाई १ वर्षका लागि निलम्बन गरिएको छ । मन्दिरको व्यवस्थापन समितिको निर्वाचनमा बागी उम्मेदवार बनेर असहयोग गरेको आरोप छ । सप्तरीकै शंकर खड्काले विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा बागी उम्मेदवार बनेर असहयोग गरेकोले उनलाई पनि एक वर्षका लागि निलम्बन गरिएको छ ।

केन्द्रीय निर्देशनको उल्लंघन गरेको र गर्न लगाएको तथा गुटबन्धी गरेको भन्दै रुपन्देहीका भोपेन्द्र यादवलाई केन्द्रीय सचिवालयबाट ३ महिनाका लागि निलम्बन गरिएको छ ।

यस्तै कपिलवस्तु घर भएका भगवान दास यादव पार्टीको सदस्यबाट एक वर्षका लागि निलम्बनमा परेका छन् । उनीमाथि पार्टीका बैठकहरु र कारबाहीको क्रममा होहल्ला गर्दै अनुशासनहीनता पटक पटक देखाएको पार्टीका राष्ट्रिय उपाध्यक्ष ई. दीपककुमार साहद्वारा जारि विज्ञप्तिमा जनाइएको छ ।

# भन्सार छलेर भण्डारण गरि राखिएको लाखौं मुल्य बराबरको सामान बरामद

**राजविराज**/भन्सार छलेर भण्डारण गरि राखिएको लाखौं मुल्य बराबरको सामानहरु प्रहरीले छापा मार्दै बरामद गरेको छ ।

प्रहरीले सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं ५ कुशहा बजारस्थित राजकुमार साहको घरमा छापा मारि सो सामानहरु बरामद गरेको जनाएको छ ।

भारतबाट भन्सार छलेर ल्याइ भण्डारण गरेको अवस्थामा १२ लाख ५७ हजार १ सय ५० मुल्य बराबरको कपडा तथा अन्य सामानहरु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी अधिकृतको टोली र ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको प्रहरी टोलीले साहको घरमा छापा मारी सामानहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

बरामद गरिएका सामानहरुमा थानको कपडा, सर्ट र पाईन्टको कपडा, साडी, ब्लाउजको कपडा, तन्ना सिल प्याक, रेडिमेड सर्ट सिलप्याक, सल, भेष्ट, बच्चाको भेष्ट, खैनी, चिनी र बच्चाले लगाउने अन्य सानो साईजको कपडाहरु रहेका छन् ।

उनका अनुसार प्रहरी टोली घरमा पुग्दा कोही व्यक्ति फेला नपरेकोले स्थानिय र जनप्रतिनिधी समेतको उपस्थितिमा घरको भुई तल्ला र पहिलो तल्लामा वेवारिसे अवस्थामा सामानहरु फेला परेको हो ।

फेला परेका समानहरु कानुनी रितपुर्वकको मुचुल्का खडा गरि आवश्यक कारवाहीका लागि भन्सार कार्यालय तिलाठी सप्तरीमा पठाइएको प्रहरीले जनाएको छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : नवीन साप्ताहिक**

## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्यौंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आजदेखी ४२ औं वर्षमा

आजदेखी नवीन साप्ताहिक ४२ औं बसन्तमा प्रवेश गरेको छ। विगत ४१ वर्षदेखी निरन्तर रुपमा प्रकाशित हुँदै आएको यस पत्रिका आजदेखी ४२ औं वर्षमा प्रवेश गरेको हो। जिल्लाको सबै भन्दा पुरानो पत्रिकाको रुपमा स्थापित यस पत्रिकाको निरन्तरता नै प्रमुख उपलब्धी हो। यी चार दशकको अवधीमा सयौं अखबारहरु प्रकाशनमा आए अनि बन्द भए, कतिपय रेकर्डका रुपमा मात्र प्रकाशनमा रहेको छ तर, नवीन साप्ताहिकले आफ्नो छुट्टै पहिचान बनाएर निरन्तर प्रकाशन भइ पाठकको हातमा गइरहेको छ।

यस अखबारलाई पाठकहरुले मन चाहेको समयमा इन्टरनेट मार्फत समेत पढ्न सक्ने व्यवस्था रहेको छ। अहिलेको वर्तमान समयमा संचारमाध्यममा व्यापक प्रतिस्पर्धा भइरहेकोमा अखबारलाई इन्टरनेटमा राखिएको हो। चार दशकको यस यात्रा सम्म निरन्तर सहयोगीको रुपमा रहेका पाठक वर्ग तथा शुभेच्छुकहरुबाट थप सल्लाह सुझावको अपेक्षा गरिएको छ।

तसर्थ आगामी दिनहरुमा अझ निष्पक्ष, सत्यतथ्य समाचार सम्प्रेसन गर्ने प्रतिबद्धता जनाउँदै पाठक, विज्ञापनदाता, शुभेच्छुकसहित सहयोग गर्ने सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं। र आगामी दिनहरुमा पाठकले चाहे थप विषयबस्तु समावेश गरि प्रकाशन गर्ने योजनामा रहेका छौं।

# गौर हत्या काण्डमा संलग्नहरुलाई कारबाहीको माग



**रौतहट**/१७ वर्षअघि भएको गौर हत्या काण्डमा संलग्नहरुलाई कारबाहीको माग गर्दै गौरमा प्रदर्शन गरिएको छ। गौर हत्या काण्ड संघर्ष समितिले सोमबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र समेत बुझाएका छन्।

गौर हत्याकाण्डमा संलग्न दोषिलाई कारवाहीको माग गर्दै संघर्ष समितिले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै दोषीलाई कारबाहीको दायरमा नल्याएकाले आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य भएको जनाएको छ।

आन्दोलनका कार्यक्रम अनुसार साउन २ देखि १२ गतेसम्म रौतहटका पालिकाहरुमा हत्याकाण्डबारे जानकारी र अन्तरक्रिया, साउन १३ गते सहिद तथा पीडित परिवारबाट धर्ना, साउन १४ गते मोटरसाइकल र्‍याली र १५ गतेबाट अनिश्चितकालिन रौतहट बन्द रहेका छन्।

संघर्ष समितिका संयोजक रुपसागर देवीले अमानवीय र बीभत्स हत्या गर्ने गौर हत्याकाण्डका हत्यारालाई वर्षौंसम्म पनि अनुसन्धानको दायरामा नल्याई कारबाही नगर्नाले पीडितहरुको आँखा अगाडी नै खुलेआम हिँडिरहेको देख्नुपर्दा आफूहरूलाई थप पीडा भएको जनाएका छन्।

२०६३ साल चैत सात गते गौरस्थित राइसमिल चौरमा तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेसी जनअधिकार फोरमका नेता कार्यकर्ताबीच भएको झडपमा २७ जना सर्वसाधारणको घटनास्थलमा र एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो।

# जनस्वाथ्य प्रयोगशालाको दुई महिनामै अस्तित्व संकटमा, बिहान १० बजे खुल्ने ५ बजे बन्द

**राजविराज**/राजविराज नगरवासीका लागि न्युन शुल्कमा रगत परिक्षणका लागि स्थापना गरिएको जनस्वाथ्य प्रयोगशालाको दुई महिनामै अस्तित्व संकटमा परेको छ।

नगरवासीलाई सहुलियत दरमा थोरै शूल्क मात्र लिएर रगत परिक्षण गर्ने उदेश्यका साथ मधेश प्रदेश सरकार र राजविराज नगरपालिकाद्वारा संयुक्त लगानी र सहकार्यमा गत जेठ १ गते यो प्रयोगशाला संचालनमा ल्याएको हो। तर, बिहानैदेखी खुल्ने भनिएपनि हाल कार्यालय समय १० बजे खुल्ने र ५ बजे बन्द हुने गरेको छ। यस्तो रबैयाले प्रयोगशाला जनताका लागि नभएर सरकारी कार्यालयको रुपमा रहेको छ।

प्रयोगशालाको उद्घाटनका क्रममा राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले स्वास्थ्य उपचार सबैका लागी सहज र छिटो छरितो बन्न सकोस भन्ने उदेश्यका साथ यो प्रयोगशाला स्थापना गरिएको र यो विशेष सहुलियत दिएर संचालनमा ल्याइएको बताइएकी थिइन। तर यस्तो हुन न सकेको सेवा लिन आउने विरामीहरुको गुनासो छ।

प्रयोगशालामा गरिब, असहाय तथा विपन्न समुदायका विरामीलाई स्वास्थ्य जाँचमा सहुलियत पुग्ने जुन विश्वास गरिएको थियो, त्यो अनुसारको व्यवस्था भएको छैन्।

प्रयोगशालमा जेष्ठ नागरिकका लागी सबै प्रकारका जाँचमा ७५ प्रतिशत सम्मको छुटको व्यवस्था गरिएको छ। डेंगु, मलेरिया र एच आई भी एडसको निःशुल्क परिक्षण गरिनुका साथै विभिन्न ६२ प्रकारका रोगहरुको यहाँ परिक्षण हुने ब्यवस्था मिलाइएको छ।

प्रयोगशालामा न्युनतम २५ रुपैया देखि अधिकतम ३ सय रुपैया सम्म सर्वसाधारणका लागी शुल्क निर्धारण गरिएको छ।

ग्यास्ट्रिक, साईटिस, एच सायोलोरी, लिक्युडको प्रोफाईल र आर एफटी जाँचको ३ सय रुपैया शुल्क निर्धारण गरिएको छ।

दिसा, पिसाब, आरवीसी, मधुमेह लगायतको जाँच शुल्क २५ रुपैया मात्र तोकिएको प्रयोगशालाकी इन्र्चाज नितु देवको भनाई छ। तर नगरपालकाको समय तालिका अनुसार संचालन हुने भएकाले विहानका समयमा आउने विरामीको परिक्षणमा कठिनाई हुने गरेको उनको कथन छ। उनले २ जना स्वाथ्यकर्मी मात्र रहदा पनि विहानको सेवा दिन कठिनाई भएको बताइन। शुक्रवार आधा दिन मात्र सेवा दिने र शनिवार पुर्णरुपमा बन्द रहनाले त झन सेवा प्रभावकारी बन्न सकेको छैन।

# ग्यास लिक भई आगलागि हुँदा लाखौंको धनमाल जलेर नष्ट

**राजविराज**/खाना पकाउने क्रममा अचानक ग्यास लिक भई आगलागि हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ।

सप्तरीको बिष्णुपुर गाउापालिका १ परसाईमा गत शनिबार स्थानिय जयनारायण यादवको घरमा खाना पकाउने क्रममा ग्यास लिक भई आगलागि हुँदा उक्त मुल्य बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार आगलागिबाट जयनारायण यादवको एक तल्ले घर र घर भित्र रहेका नगद २० हजार, सुन चाँदी, लताकपडा, फर्निचर, भाडाबर्तन, अन्नपात गरि ५ लाख मुल्य बराबरको क्षति भएको हो।

यस्तै सोही आगलागिका कारण छिमेकी देवनारायण यादवको घर र घर भित्र रहेको लताकपडा, फर्निचर, भाडाबर्तन, अन्नपात गरि २ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगोलाई राजबिराज नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानियको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरी प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जनाएका छन्।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# बिडी नदिएपछि मागन्तेको हत्या



**राजविराज**/मागन्तेसँग बिडी पिउन माग्दा नदिएपछि उसको हत्या भएको घटना प्रहरीले सार्वजनिक गरेको छ। जिल्लाको कंचनरुप नगरपालिका १ बेरियर चौकस्थित यात्रु प्रतिक्षालयमा बस्दै आएका नाम, थर, ठेगाना नखुलेको अन्दाजी ६० वर्षिय मागन्तेको हत्या भएको घटनाको खुलासा गरेको हो।

गत असार ३१ गते ती मागन्तेको मृत शरीर फेला परेको थियो। घटना बारे प्रहरीले अनुसन्धान सुरु गरेको चार दिनपछि हत्या भएको निश्कर्षमा पुगेको हो।

घटनामा संलग्न कंचनरुप नगरपालिका १० बदगामाका २८ वर्षिय मनोज पासवानलाई प्रहरीले बुधबार पक्राउ गर्‍यो। प्रहरीले नियन्त्रणमा लिएर कडाईका साथ सोधपुछ गर्दा उनले बिडीकै मागन्तेको हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपक रायका अनुसार शंकास्पद अवस्थामा रहेको शव फेला परेपछि पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको थियो। टाउको र काबाट रगत बगिरहेको अवस्थामा भेटिएको शवको प्रकृती हेर्दा कुटपिटबाट हत्या भएको आशंकाले पोष्टमार्टमका लागि पठाइएको उनले बताए।

हत्या बारे अनुसन्धानको क्रममा बुझ्दै जाँदा शव फेला परेको दिन बिहानको समयमा यात्रु प्रतिक्षालय नजिक एक युवक घुमिरहेको र निजको हुलिया बारे समेत स्थानियले प्रहरीलाई जानकारी दिएका थिए।

सोधपुछका क्रममा पक्राउ परेका पासवानले एकाबिहान घुम्दै गरेको समयमा बिडी सल्काएर पिइरहेको मगन्तेलाई देखेपछि आफूले पनि एउटा बिडी माग्दा गाली गलौजमा उत्रेपछि उस्कै लठी खोसेर ४/५ पटक टाउकोमा हिर्काई भागेको प्रहरीसँग बयानमा भनेका छन्।

पक्राउ परेका मनोजलाई बिहीबार कर्तब्य ज्यान मुद्दामा अदालतबाट म्याद थप गराई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# श्रोत नखुलेको ७ लाख ७९ हजार भारुसहित दुई पक्राउ

**बिराटनगर**/सशस्त्र प्रहरीले श्रोत नखुलेको ७ लाख ७९ हजार भारतीय रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको बिहारका ८१ वर्षीय रामनरेश सिंह र सवारी चालक ३३ वर्षीय रितेस जसवान छन्।

उनीहरूलाई शुक्रवार दिउँसो बोर्डर आउट पोस्ट (बीओपी) रानीले विराटनगर २ नम्बर ढाटबाट ७ लाख ७९ हजार भारतीय रुपैयाँ ( १२ लाख ४६ हजार ४ सय नेपाली) सहित दुई जनालाई पक्राउ गरिएको जनाएको छ।

बीआर०१पीजी२११५ नम्बरको सेतो भारतीय स्कारपीयो चेकजाँच गर्ने क्रममा भारतीय रुपैयाँसहित बीओपी रानीका सशस्त्र प्रहरी निरीक्षक प्रदेश श्रेष्ठको नेतृत्वमा खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

चेकजाँच गर्ने क्रममा सुटकेसमा राखिएको भारतीय रकम फेला परेको सशस्त्र प्रहरी बल मोरङका एसपी तीर्थ थापाले जानकारी दिए ñस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# १३ वर्षिया आरुसी ठाकुर वेपत्ता



**राजविराज**/सप्तरीको महादेवा गाउँपालिका १ पकरीकी १३ वर्षिया आरुसी ठाकुर वेपत्ता छिन्।

पकरीस्थित नरबहादुर थापा जनता माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत उनी गत आइतबार बिहान ८ बजेतिर घरबाट निस्केकी उनी हालसम्म सम्पर्कमा आएकी छैनन्।

उनका बुबा भरत ठाकुरको पाँच वर्षअघि निधन भइसकेको छ। हजुरबुबाको रेखदेखमा रहेकी आरुसीकी आमा जानकी भने बैदेशिक रोजगारीको सिलसिलामा हाल कुवेतमा छिन्। छोरीको अवस्था पत्ता लगाउने कार्यमा पहल गरिदिन कुवेतबाटै जानकीले संचारकर्मीहरुलाई फोन गरेर आग्रह गरेकी छिन्।

आमा जानकीले भनिन्, “विद्यालयमा भोलीदेखी गर्मी बिदा छ, भोली टोलकै दिदीहरुसँग जनकपुरस्थित भाटभटेनी घुम्ने योजना बनाएकी छुँ, छोरीले सोधेको तर, मैले अनुमति दिइन्।”

आरुसी ठाकुर दाम्पत्तिका एक्ली सन्तान हुन्। घरको आर्थिक अवस्था कमजोर भएको तथा श्रीमानको निधनपछि जिवनयापन धौं धौं भएपछि विदेशिन् परेको जानकीले सुनाइन्। छोरीको रेखदेख गर्ने कोही नभएकाले उनले आरुसीलाई हजुरबुबाको जिम्मा दिई केही समयअघि मात्र कुवेत पुगेकी बताइन्।

हजुरबुबा प्रेम कुवरले केही काम छ भन्दै गत आइतबार बिहान ८ बजेतिर निस्केको आरुसी साँझ अबेरसम्म नफर्केपछि चिन्तामा डुबेको बताए। भोलीपल्ट एकाबिहान उठेर आरुसीका सहपाठी, छरछिमेक तथा चिनजानका सबैमा जानकारी गराई खोजतलास गर्दा पनि फेला पार्न नसकेको उनको भनाई छ।

छोरीको अपहरण भएको हुन सक्ने आमा जानकीले आशंका ब्यक्त गर्दै स्थानिय प्रशासन लगायतका सरोकारवालामा खोजि गरिदिन अपील गरेकी छिन्।

जानकीले भनिन्, “उनका साथी, आफन्त र चिनजान भएका ठाउँ सबैतिर खोज्न लगाएका छौं, तर कुनै पत्तो लागेको छैन्।” आरुसीले प्रयोग गर्ने मोबाइलको प्राविधीक पक्षबाट पनि अनुसन्धान गर्न उनले प्रहरीसँग आग्रह गरेकी छिन्।

आरुसीका परिवार, आफन्त र साथीभाई समेत फोटो बोकेर सम्भावित स्थानहरुमा खोजिमा जुटेका छन्। परिवारले प्रहरी चौकी पकरीमा समेत उजुरी गरि सकेका छन्।

यता घटनाको अनुसन्धान गरिरहेका पकरी प्रहरी चौकीका असई जयकिशोर साहले नाबालिक आरुसीको पत्ता लगाउन प्रहरीले कुनै कसर बाँकी नराखेको जानकारी गराउँदै आरुसीको हुलियाँसहितको सम्पूर्ण विवरण देशैभरका प्रहरी कार्यालयमा पठाइसकिएको बताए।

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अख्तियारको टोली कार्यालयमा पुगेपछि कर्मचारीहरु कोठा थुनेर भागाभाग



**राजविराज**/अख्तियारको टोली पुगेपछि राजविराजस्थित सामाजिक विकास इकाई कार्यालयमा बिहीबार कर्मचारीहरु कोठा थुनेर भागाभाग भएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले गत आर्थिक वर्ष २०७९/८० मा सम्पन्न एक भवन निर्माण कार्यको भुक्तानी दिन घुस मागेको उजुरी आएपछी उक्त कार्यालयमा छापा मारेको जनाएको छ ।

सिरहाको नवराजपुर गाउँपालिका १ स्थित जनता आधारभुत विद्यालयको चार कोठे भवन निर्माण काम सम्पन्न भएपनि अन्तिम भुक्तानी दिन चेक रोकेर कमिशन मागेपछी उभोक्ता समितीका पदाधीकारले अख्तियारमा उजुरी दिएको बताइएको छ ।

आयोगको इटहरीस्थित आयोगका डिएसपी मानबहादुर राई नेतृत्वको टोली पुग्नासाथ कर्मचारीमा भागाभाग भएका थिए । कतिपय कर्मचारी त भुक्तानी लिएका ब्यक्तीबाट प्राप्त गरेको कमिशन रकम समेत फालेर भागेका थिए ।

अख्तियार टोलीले कार्यालयको पुर्व पट्टीको गल्लीमा कर्मचारीद्वारा फालिएको १५ हजार नगद तथा ५५ हजार रुपैयाको चेक समेत बरामद गरेको छ । सो रकम उक्त कार्यालयका कर्मचारी सबइन्जिनीयर अजय कुमार साफीले फ्यालेर भागेको श्रोतले जनाएको छ ।

# भारतीय रुँपैयाको मुल्य घट्दै

**राजविराज**/भारतीय रुँपैयाको मुल्य घटेको छ । कम मुल्यमा भारतीय नोट साटिदै छ । नेपाली बजारमा १ रुँपैया भारतीय नोटको मुल्य १ रुँपैया ६० पैसा हुनआउछ । तर, अहिले सप्तरीमा १ रुँपैया भारतीय नोटको मुल्य १ रुँपैया ५५ पैसा रहेको छ ।

केही दिन यता भारतीय नोट राखेका सर्वसाधारणलाई मुल्य नपाउँदा निरास भएका छन् । विगतमा सहजै साटिने भारतीय रुँपैया अहिले स्थानिय बजारमा व्यापारीहरुले लिन मान्दैनन् । धेरै भनसुन गरेपछि १ सय ५५ रुँपैयामा लिन तयार हुन्छन् ।

एक स्थानियले राजविराज बजारमा ५ सयको भारु नोट नसाटिदा बाध्य भई ७ सय ५० नेपाली रुँपैयामा साटिनु परेको गुनासो गरे । जबकी ५ सय भारतीय रुँपैयाको नेपाली मोल ८ सय रुँपैया हुन्छ ।

राजविराज ६ का सुखराम मंडलले आफूसँग ५ सय दरका रहेका ५ हजार भारतीय रुँपैया साट्न नगरका सबै बैंक पुगेपनि कसैले साट्न नमानेको गुनासो गरे ।

भारतीय सरकारले २ हजार दरका नोटमाथी प्रतिबन्ध लगाएपछि अहिले त्यसको असर सबै प्रकारको भारतीय रुँपैयामा देखिएको छ । राष्ट्रिय बाणिज्य बैंकका एक कर्मचारीले कुनै बेला भारु नोट माग्नेको भिड हुने गरेकोमा अहिले भारु साटेर नेपाली रुँपैया लिन आउनेको भिड लाग्ने गरेको बताए ।

हिजोआज सय, पाँच सयको भारतीय नोट साटिदिन सर्वसाधारणबाट निकै दबाब र आग्रह आउन थालेको भएपनि अहिले भारतीय नोट सटही काउन्टर बन्द गरिएकाले सो सेवा प्रदान गर्न नसकिएको उनको भनाई थियो ।

विगतमा अवैध कारोबारीले सयकडा ७ देखी ९ रुँपैया बट्टा लिएर भारु नोट दिने गरेकोमा अहिले सोही अनुपातमा बट्टा लिई भारतीय नोट लिएर नेपाली नोट दिने गरेको समेत सर्वसाधारणले गुनासो गरेका छन् ।


# हार्दिक बधाई एवं शुभकामना




**प्रा. डा. अमरप्रसाद यादव**

त्रिभुवन विश्वविद्यालय रसायन शास्त्र केन्द्रीय विभागका प्राध्यापक तथा नेपाल केमिकल सोसाइटीका पूर्व अध्यक्ष आदरणीय गुरु **प्रा. डा. अमरप्रसाद यादव,** राजर्षि जनक विश्वविद्यालयको उपकुलपति जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**डा. दिपककुमार गुप्ता**
त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं
**श्रीमती गुन्जा कुमारी साह**
पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर


# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्क अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# ४१ दशमलव ६४ प्रतिशत मुद्दा फर्छ्यौट




**राजविराज**/उच्च अदालत जनकपुर-राजविराज इजलासले आ.ब. २०७९/८० मा कुल मुद्दाको ४१ दशमलव ६४ प्रतिशत मुद्दा फर्छ्यौट भएको जनाएको छ।

न्यायाधिश हरि प्रसाद भण्डारीको अध्यक्षतामा आयोजित "संचारकर्मीहरु संगको अन्तरक्रिया" कार्यक्रममा आ.ब. २०७९/८० मा २ हजार ६ सय मुद्दा फर्छ्यौटका लागी अघिल्लो वर्षबाट आएको जानकारी दिइएको छ।

लक्ष्य भन्दा २० प्रतिशत कम मुद्दा फर्छ्यौट गरिएको उनले बताउँदै उक्त आ.ब. मा अदालतले ६१ दशमलव ७६ प्रतिशत मुद्दा फर्छ्यौट गर्ने लक्ष्य राखेको थियो।

त्यस्तै नयाँ दर्ता भएका मुद्दाको संख्या ३ हजार १ सय ५० गरी कुल ५ हजार ७ सय ५२ मुदाको फर्छ्यौट गर्ने जिम्मेवारी आएकोमा २ हजार ३ सय ९५ मुदा फर्छ्यौट भएको छ। जुन ४१ दशमलव ६४ प्रतिशत हुन आउँछ।

फर्छ्यौट गर्न बाकि रहेका ३ हजार ३ सय ५७ मुद्दाको जिम्मेवारी २०८०/८१ का लागी सरेको उनले बताए। न्यायधिश भण्डारीले कतै कानूनी जटिलता त कतै दरबन्दी अनुसारको न्यायाधिश र जनशक्ती नहुँदा लक्ष्य प्राप्तिमा कठिनाइ भएको बताए। यद्दपी अदालतको जनशक्ती तथा उपलब्ध साधनश्रोतका अनुसार काम संतोषजनक भएको उनको दाबी छ।

उनले २०७९/८० को असार मसान्त सम्ममा २ वर्ष नाघ्ने मुद्दाको कुल संख्या ६ सय ४० रहेकोमा ६ सय ३२ लाई फर्छ्यौट गरेको र यसलाई निकै संतोषजनक उपलब्धीको रुपमा लिएको बताए। उनले समग्रमा जिम्मेवारी सरेर अघिल्लो वर्षबाट आएको २ हजार ६ सय २ र न्याय सम्पादन सहित कुल ५ हजार ७ सय ५२ मध्ये साउनमा ३ सय १७, भाद्रमा ३ सय, असोजमा ८८, कार्तिकमा १ सय २५ मंसिरमा १ सय ४८, पुषमा १ सय ८७, माघमा १ सय ५९, फागुनमा १ सय ६७, चैत्रमा २ सय ५६, बैशाखमा १ सय ५९, जेठमा ३ सय २७ र असारमा २ सय ६३ गरी कुल २ हजार ३ सय ९५ मुद्दा फर्छ्यौट भएको स्पष्ट पारे।

आ.ब. २०७९/८० मा नयाँ दर्ता भएका ३ हजार १ सय ५० मध्ये रिटतर्फ सर्वाधिक १ हजार ५१ मुद्दा रहयो। यस्तै व्यक्तीवादी देवानीका ९ सय ६६, सरकावादी फौजदारीका २ सय १२ र सुरु मुद्दा ७१ रहेको थियो।

यस्तै सोही आर्थिक वर्षमा मेलमिलापका लागी १ सय ४२ मुद्दा पठाइएकामा ११ मात्रको मेलमिलाप हुन सकेको र मेलमिलाप हुन नसकेको संख्या १ सय २६ रहेको अदालतले जनाएको छ।

# कठौना-पातो सडक खण्ड कालोपत्रे गर्ने कार्य सुरु

**राजविराज**/झण्डै तीन दशकपछि सप्तरीको कठौना-पातो सडक खण्ड कालोपत्रे गर्ने कार्य सुरु भएको छ।

२० किलो मिटर उक्त मार्ग आगामी असोज-कार्तिक महिना भित्र कालोपत्रे सम्पन्न हुने गरि कार्यको सुरुवात गरिएको हो।

कालोपत्रे निर्माण कार्यको गत सोमबार एक कार्यक्रमबीच सोही क्षेत्रबाट निर्वाचित प्रतिनिधी सभा सदस्य दिनेश कुमार यादवले पुजापाठ गरी शुभारम्भ गरे।

सांसद यादव कै पहलमा संघिय सरकारबाट प्राप्त ७० करोड ४० लाख रुपैयाको बजेटबाट कान्छाराम कन्ट्रक्सन मार्फत उक्त निर्माण कार्य शूरु गरिएको छ।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर ३ मा पर्ने शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका र रुपनी गाउँपालिकालाई प्रत्यक्ष रुपमा जोड्ने र यस क्षेत्रको आर्थिक चहल पहल बढाउन ठूलो मद्दत पुऱ्याउने विश्वास स्थानीयले व्यक्त गरेका छन्।

विगतमा केही मात्रामा ग्राभेल गरी छाडिदा अलपत्र अवस्थामा रहेको उक्त सडक खण्ड वर्षामा हिलाम्मे र सुख्खायाममा धुलोका कारण सर्वसाधारण कष्टकर र जोखिमपुर्ण यात्रा गर्न बाध्य भएका थिए। वर्षायाममा त दर्जनौ खाल्डा खुल्डीका कारण सवारी आवागमन नै ठप्प हुने गरेको थियो।

दुई वर्ष अघि सोही खडकखण्डमा वर्षाको समयमा हिडडुल गर्न कठिनाई भएको भन्दै स्थानियहरुले सडकमै धान रोपाई गरि बिरोध समेत जनाएका थिए। उनीहरुले बाटो निर्माण गर्न कसैले ध्यान नदिएको भन्दै उक्त बिरोध गरेका थिए।

कालोपत्रे सुरुवाताको अवसरमा सांसद यादवले बाटो निर्माणले जनताको सास्ती छिट्टै अन्त्य हुने बताउँदै छिट्टै शम्भुनाथ, बनैनिया, पथ्थरगाढा र गाइघाट जोड्ने सडकको निर्माण कार्य पनि शुरु हुने जानकारी दिए।

वर्षौ देखी उक्त सडक खण्ड जीर्ण भएका कारण सास्ती खेप्दै आएका यस भेगका जनता कालोपत्रे निर्माण कार्य शुरु भएपछी हर्षित भएका छन्।


## जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्ताबित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

**अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण युक्रेनमा रूसी युद्ध संवाददाताको मृत्यु

**मस्को**/युक्रेनको दक्षिणी जापोरिजझिया क्षेत्रमा शनिबार भएको आक्रमणमा रूसी युद्ध संवाददाता रोस्तिस्लाभ झुरावलेभको मृत्यु भएको छ। झुरावलेभले रूसको सरकारी समाचार संस्था आरआईए नोभोस्तीका लागि रिपोर्टिङ गर्दै आउनुभएको थियो।

आरआईए नोभोस्तीले आफ्ना युद्ध संवाददाताको मृत्यु भएको पुष्टि गरेको छ। झुरावलेभको युद्धमा रूसी अग्रपङ्तीमा रहेको गाउँ पाइतीखाट्की नजिकै मृत्यु भएको उल्लेख गरिएको छ। रूसी सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "युक्रेनी सेनाले 'क्लस्टर' हतियार प्रयोग गरी गरेको आक्रमणका कारण चार जना पत्रकार घाइते भएका छन्।

विज्ञप्तिमा भनिएको छ, "उद्धारका क्रममा आरआईए नोभोस्तीका पत्रकार रोस्तिस्लाभ झुरावलेभको क्लस्टर युद्धसामग्री विस्फोटका कारण भएको चोटका कारण मृत्यु भएको थियो।" अन्य संवाददाताहरूलाई सामान्य चोट लागेको सेनाले बताएको छ। युक्रेनमा मस्कोको १७ महिनाभन्दा लामो आक्रमणका क्रममा रूसी युद्ध संवाददाताहरूको प्रभाव निकै बढेको छ। एजेन्सी

## चिकित्सकको सल्लाहबिना एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेक बिक्री गर्न प्रतिबन्ध

**नयाँ दिल्ली**/डेङ्गुको प्रकोप बढेपछि दिल्ली सरकारले एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेक औषधिहरूको बिक्रीमा प्रतिबन्ध लगाएको छ।

सरकारले एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेकजस्ता केही औषधिको बिक्रीमा चिकित्सकको सल्लाहबिना प्रतिबन्ध लगाएको छ र ती औषधिले मानिसको रगतमा प्लेटलेट्स नष्ट गर्ने र डेङ्गुको प्रकोपकाबीच हानिकारक हुन सक्ने बताएको छ। डेङ्गु रोकथामका लागि जारी परामर्शमा दिल्ली सरकारले जारी गरेको सुझावमा भनिएको छ, "मनसुनको मौसममा डेङ्गु जस्ता लामखुट्टेबाट सर्ने रोगहरूको प्रकोप बढ्दै गएको छ। तसर्थ, डेङ्गुको सम्भावित प्रकोपको यस मौसममा एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेक जस्ता औषधिहरूको प्रयोग 'दर्ता भएका चिकित्सकहरूको प्रेस्क्रिप्सन' विना बिक्री गर्न प्रतिबन्ध लगाइएकोछ।

सरकारले तत्काल लागु हुनेगरी यी औषधिहरूको 'ओभर-द-काउन्टर' बिक्रीमा संलग्न नहुन सल्लाह दिएको छ। दिल्ली सरकारले जारी गरेको सुझाबमा भनिएको छ, "यदि रिटेल विक्रेताले यो सल्लाहको उल्लङ्घन गरेको पाइएमा कडा कारबाही गरिनेछ।" भारतको राजधानी नयाँ दिल्लीमा यमुना नदीमा पानीको बहाव बढेसँगै विगत दुई हप्तादेखि विभिनदस्न क्षेत्रमा भीषण बाढी आएको छ। आइतबार दिल्लीका स्वास्थ्यमन्त्री सौरभ भारद्वाजको अध्यक्षतामा राजधानीमा सङ्क्रमणजन्य रोगनियन्त्रणका लागि समग्र तयारीबारे एक उच्चस्तरीय बैठक बसेको थियो। एजेन्सी

## बैंकहरुको तरलता अनुगमनमा ईसीबीले कडाइ गर्ने

**बर्लिन**/युरोपेली केन्द्रीय बैंक (ईसीबी) ले वित्तीय सङ्कटको भविष्यको जोखिम कम गर्न युरो क्षेत्रमा बैंकहरूको तरलताको अधिक निगरानी गर्न चाहेको शनिबार घोषणा गरेको छ।

"हामीले बैंकहरूलाई सेप्टेम्बरमा साप्ताहिक आधारमा जानकारीको लागि अनुरोध पठाउने निर्णय गरेका छौं। हामीलाई तरलता वृद्धिको पछिल्ला धेरै तथ्याङ्क पाउन र राम्रो निगरानी गर्न अनुमति दिनको अनुरोध भएअनुसार यूरो क्षेत्रमा तरलताबारे अनुगमन अनुगमन लागि अभियान शुरू गरिएको हो," यूरोपमा बैंकहरूको पर्यवेक्षणका लागि प्रभावकारी निकायका अध्यक्षले भन्नुभयो। एन्ड्रिया एनरियाले इसीबीको वेवसाइटमार्फत् जारी जानकारीमा भन्नुभयो, "बैंकहरूले हामीलाई मासिक रुपमा पठाउने तरलतासम्बन्धी सूचना नियमितरूपमा पठाउनु पर्नेछ।" यस तथ्याङ्कमा बैंकको खातामा तरलताको परिपक्वता र ईसीबीसँग पुनरकर्जा लेनदेन जस्ता विवरणहरू समावेश हुनुपर्नेछ।

मार्चमा संयुक्त राज्य अमेरिकामा क्रेडिट सुइसको पतन पछि क्षेत्रीय बैंकहरूको आर्थिक सङ्कट आएको र यसले विश्वव्यापी वित्तीय सङ्कटको डरलाई उजागर गरेको थियो। यस क्षेत्रको नियामक युरोपियन बैंकिङ अथोरिटी (एबीई) ले जुनमा गरेको सिफारिसअनुसार यो कदम चालिएको हो। सन् २००८ को वित्तीय सङ्कटको पुनरावृत्ति हुन नदिन यूरोपेली सङ्घले यसै बर्षको जुनको अन्त्यमा बैंकहरूमा नयाँ कडा नियमहरू अपनाएको थियो। एजेन्सी

# पेट्रोलियम पदार्थको मुल्य घट्यो

**राजविराज**/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिले गत आइतबार मध्यरातिबाट लागू हुने गरी मूल्य घटाउने निर्णय गरेको हो ।

निगमका अनुसार यसपटक पेट्रोल, डिजेल, मट्टितेल र खाना पकाउने एलपी ग्याँसको मूल्य घटेको छ । पेट्रोल लिटरमा ६ रुपैयाँ, डिजेल र मटीतेलमा समान ४/४ रुपैयाँ मूल्य घट्ने छ भने ग्याँसमा प्रतिसिलिण्डर १० रुपैयाँ घट्नेछ ।

काठमाडौं उपत्यकासहितका क्षेत्रमा पेट्रोल लिटरको १६४ रुपैयाँ पर्नेछ । तराईका जिल्लाहरुमा १६१ रुपैयाँ ५० पैसा र भित्री मधेशमा १६३ रुपैयाँ पर्नेछ ।

डिजेल र मटीतेल उपत्यकामा लिटरको १४६ रुपैयाँ, तराईका जिल्लाहरुमा १४३ रुपैयाँ ५० पैसा र भित्री मधेसमा १४५ रुपैयाँ पर्नेछ ।

एलपी ग्याँसको प्रतिसिलिण्डर मूल्य १८०० रुपैयाँबाट घटेर १७९० रुपैयाँ कायम भएको छ ।

# डुबेर दुई बालकको मृत्यु

**राजविराज**/सप्तरीमा दुई बालकको डुबेर मृत्यु भएको छ ।

जिल्लाको माहादेवा गाउँपालिका ५ दुर्गापुर टोलमा विहीबार स्थानीय महादेव साहको ३ वर्षिय छोरा अनिश कुमार साहको पोखरीमा डुबेर मृत्यु भएको हो ।

आफ्नै घर अगाडि रहेको सार्वजनिक पोखरीको छेउमा खेल्ने क्रममा पानीमा डुबेको प्रहरीले जनाएको छ ।

पानीमा डुबेर असक्त भएका बालकलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराजमा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकामा सोमबार जमेको पानीमा डुबेर एक बालकको ज्यान गएको छ ।

वडा नं. ७ बभनगामा कट्टीस्थित लक्ष्मी बल्लभ नरसिंह माविको पछाडी पट्टी रहेको खाली ठाउँमा जमेको पानीमा डुबेर स्थानिय महादेव खंगका ८ वर्षिया छोरा गोबिन्द खंगको डुबेर ज्यान गएको हो ।

दुबै घटना बारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# करेन्ट लागेर बालकको मृत्यु

**राजविराज**/ट्युवेलमा जडान गरिएको मोटरबाट करेन्ट लागेर एक बालकको मृत्यु भएको छ ।

सप्तरीको खडक नगरपालिका वडा नं. ७ मझौ टोल बस्ने कटर बहादुर तमाङका ९ वर्षिय छोरा आदित तमाङको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै घरको कलमा जडान गरिएको मोटरबाट करेन्ट लागेर गम्भिर घाइते भएका उनलाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा लगिएकोमा सोही अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अपरिचित व्यक्ति मृत फेला

**राजविराज**/राजविराजमा एक अपरिचित व्यक्ति मृत अवस्थामा फेला परेका छन् ।

राजविराज नगरपालिका वडा नं. १५ देउरी भरुवामा बिहीबार भैंसि फारम छेउमा नाम, थर, वतन नखुलेको मागि खाने ६० वर्षिय पुरुष मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

शवलाई पोष्टमार्टम गरि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा राखेको प्रहरीले जनाउँदै घटना बारे थप अनुसन्धान गरिरहेको जानकारी दिएको छ ।

# सर्पदंशबाट महिलाको मृत्यु

**राजविराज**/सर्पदंशबाट एक महिलाको मृत्यु भएको छ ।

सप्तरीको कृष्णासवरण गाउँपालिकामा वडा नं. २ भुर्की टोल निवासी ४० वर्षिया ललितादेवी चौधरीको सर्पदंशबाट सोमबार राती मृत्यु भएको हो ।

घटना विवरण अनुसार उनको आफ्नै घरमा सोमबार राती धान राख्ने कोठीमाथी ढकियामा राखेको सुपारी झिक्ने क्रममा सर्पले टोकेको थियो ।

सर्पको टोकाईबाट असक्त भएकी उनलाई उपचारका लागि तत्कालै कल्याणपुरस्थित सर्पदंश उपचार केन्द्रमा लगिएको थियो । तर त्यहा उपचार सम्भव नभएपछि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

***किशोरीसँग...***

अस्मिता लुटिरहे ।"

बलात्कारका क्रममा यो कुरा कसैलाई भने तिम्रो र केटा साथी आसिशको तस्बिर खिचेर सार्वजनिक गरिदिने तथा ज्यानै मार्ने धम्की समेत दिने गरेको उनले सुनाइन् ।

पीडित किशोरीको स्थानिय अस्पतालमा स्वास्थ्य परिक्षण गराई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।


**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५



भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

**विगत १५ वर्ष देखी संचालन हुदै आएको**
**ओभरसियरी क्याम्पस**
**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ**
( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८० श्रावण १२ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाइराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*